वर्ष-१७ ।। अङ्क : २२० ॥ २०८२ असोज ०७ गते मंगलबार (23rd Sep 2025 Tuesday)
Pratidin National Daily
मूल्य-रु.५/-

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं, 1
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- दुर्घटनाबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं !

विज्ञापन बोर्ड

# प्रहरीबाट लुटिएका २४ थान हतियार , ५६९० वटा गोली र १८० सेल अश्रुग्यास गायब

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा झापामा प्रहरीबाट लुटिएका २४ थान हतियार , ५६९० वटा गोली र १८० सेल अश्रुग्यास गायब भएको छ ।

आन्दोलनकारीहरुले इलाका प्रहरी कार्यालय बिर्तामोड र इलाका प्रहरी कार्यालय दमकबाट लुटेका विभिन्न हतियार फिर्ता गरेपनि त्यति हतियार फिर्ता नगरेको प्रहरी स्रोतले जनाएको छ ।

इलाका प्रहरी कार्यालय दमकबाट लुटिएका लामो हतियार(एसएलआरलगायत) -१४ थान र त्यसको गोली ४ हजारभन्दा बढी , सानो हतियार( पेस्तोल-रिभल्वर)- २ थान र त्यसमा लोड गरिएको ४० राउण्ड गोली , सटगन/ग्यासगन- ४ थान र त्यसको १८० सेल ग्यास फिर्ता गरिएको छैन ।



त्यस्तै इलाका प्रहरी कार्यालय बिर्तामोडबाट लुटिएका लामो नाल(एसएलआर)- १ थान र त्यसको १५०० भन्दा बढी गोली , सानो हतियार( पेस्तोल-रिभल्वर)-३ थान र त्यसमा प्रयोग हुने १५० भन्दा बढी राउण्ड गोली फिर्ता नगरी गायब बनाइएको प्रहरी स्रोतले जनाएको छ । अरु हतियार मानवअधिकारवादीहरुको रोहवरमा आन्दोलनकारीहरुले सेनालाई बुझाएको थियो । सेनाले बुझेको हतियार प्रहरीलाई जिम्मा लगाएको जनाइएको छ ।

नेपाल प्रहरीले तयार पारेको आन्तरिक विवरणअनुसार देशभरि १२ सय ७६ थान राइफल/पेस्तोल लुटिएका छन् । त्यस्तै ९८ हजार ४ सय ९१ थान गोली अभिलेखमा आएका छैनन् ।

७५ थान हतियार फिर्ता

आन्दोलनकारीहरुबाट फिर्ता पाएको ७५ थान हतियार सेनाले झापा प्रहरीलाई बुझाएको छ । दमक क्षेत्रबाट ३५ र बिर्तामोड क्षेत्रबाट ४० थान हतियार आन्दोलनकारीबाट फिर्ता भएको हो । दमक र झिलझिले क्षेत्रबाट ७.६२ मिमि एसएलआर ४ थान , ५.५६ मिमि इन्सास राइफल १० थान , ३०३ राइफल १२ थान , सट गन ३ थान, ग्यास गन २ थान , ९ मिमि पेस्तोल १ थान र चाइनिज पेस्तोल ३ थान गरी जम्मा ३५ थान हतियार २१ नं बाहिनी तोपगाछीले आन्दोलनकारीबाट बुझेर प्रहरीलाई फिर्ता दिएको थियो ।

त्यस्तै बिर्तामोड , दुर्गापुर र शनिश्चरे एरियाबाट ७.६२ मिमि एसएलआर ७ थान , ५.५६ मिमि इन्सास राइफल १६ थान , ३०३ राइफल ६ थान , सट गन २ थान , ग्यास गन ४ थान , ९ मिमि एसएमजी ३ थान र रिभल्वर पेस्तोल २ थान गरी जम्मा ४० थान हतियार अरिदमन गण चारआलीले बुझेर प्रहरीलाई फिर्ता दिएको थियो ।

# जेनजी आन्दोलनपछि आत्महत्या गर्नेको संख्या बढ्यो



झापा(प्रस) । जेनजी आन्दोलनपछि झापामा आत्महत्या गर्नेहरुको संख्या बढेको छ । आइतवार मात्र एकैदिन चार जनाले झुन्डिएर आत्महत्या गरेका छन् ।

शिवसताक्षी -७ घर भई दमक -१० घुमाउने टोलस्थित बेनु बासकोटाको घरमा कोठा भाडा लिई बस्ने ३४ वर्षीय निरबहादुर बुढाक्षेत्री ,मेचीनगर -२ थापा चोक बस्ने ४४ वर्षीय कुमार गिरी , भद्रपुर ५ बस्ने ६२ वर्षीय भिमबहादुर दर्जी र कन्काई -५ तुलसीबारी बस्ने ४६ वर्षीय हर्कबहादुर बि.क.ले आइतवार एकैदिन झुन्डिएर आत्महत्या गरेको प्रहरीले जनाएको छ ।

अघिल्लो दिन मात्र हल्दिवारी -२ जीवनवारी बस्ने ९ वर्षीय आयुष राजवंशी र मोरङ मिक्लाजुङ ३ घर भई बिर्तामोड ४ पुरानो भद्रपुर रोडस्थित प्रतिमा कार्कीको घरमा डेरा गरी बस्ने १७ वर्षीया हरिकला काफ्लेले झुन्डिएर आत्महत्या गरेका थिए ।

असोज १ देखि ५ गतेसम्म झापामा ८ जनाले झुन्डिएर आत्महत्या गरिसकेका छन् भने ३ जनाले विष सेवन गरेका छन् । जेनजी आन्दोलनपछि बालबालिका र युवामा गहिरो मानसिक आघात र अविश्वासको अवस्था देखिएको अध्ययनले देखाएको छ ।

सेभ द चिल्ड्रेन र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजोप) को एक अध्ययनले नेपालमा भएको जेनजी आन्दोलनपछि बालबालिका र युवामा गहिरो मानसिक आघात र अविश्वासको अवस्था देखिएको निष्कर्ष निकालेको हो । बाल अधिकारको क्षेत्रमा कार्यरत १२ वटा संस्थाको सहकार्यमा गरिएको उक्त अध्ययनले आन्दोलनका क्रममा सुरक्षाकर्मीहरूबाट भएको अत्यधिक बल प्रयोगका कारण बालबालिका तथा युवाहरूको मृत्यु भएको, उनीहरू घाइते भएको, मनपरी रूपमा पक्राउ गरिएको र गहिरो मानसिक आघात परेको देखाएको हो ।

# श्रीमतीलाई घाइते बनाई राईले गरे आत्महत्या

झापा(प्रस) । इलामका एक व्यक्तिले श्रीमतीलाई घाइते बनाई आफूले झुन्डिएर आत्महत्या गरेका छन् ।

इलाम नगरपालिका वडा नं.१ साखेजुङ बस्ने ४५ वर्षीय प्रकाशचन्द्र राईले आफ्नै श्रीमती ४० वर्षीया टिका मुखिया (राई) लाई खुकुरी प्रहार गरि घाइते बनाई आफूले आत्महत्या गरेका हुन् । सोमवार बिहान १० बजे राईले श्रीमती टिकालाई बाँया हात र टाउकोमा खुकुरी प्रहार गरि घाइते बनाएका थिए । घटनाबारे छिमेकी गणदेव राईले टेलिफोनमार्फत प्रहरी चौकी रक्सेमा जानकारी गराएका थिए । प्रहरी टोली खटिएर घाइतेलाई उपचारको लागि जिल्ला अस्पताल इलामतर्फ पठाएको थियो । बोल्न नसक्ने उनको अवस्था गम्भीर रहेको छ ।

खुकुरी प्रहार गर्ने प्रकाशचन्द्रलाई खोजतलास गर्ने क्रममा सोही ठाउँमा रहेको झिगनिको रुखमा प्लाष्टिकको डोरीको पासो लगाई झुण्डिएर आत्महत्या गरेको अवस्थामा फेला परेका थिए । घटनास्थल सुरक्षित राखिएको र थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय मंगलबारेबाट प्रहरी टोली खटिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# सानो माईखोलामा डुबेर बालिकाको मृत्यु

कुमरखोद(प्रस) ।झापा गाउँपालिकाको सानो माईखोलामा डुवेर एक बालिकाको मृत्यु भएको छ ।

झापा गाउँपालिका वडा नं ३ झाँटी गौरीगाउँ वस्ने मानबहादुर दर्जीकी ४ वर्षीया छोरी विष्णुमाया दर्जीको सानो माईखोलामा डुवेर मृत्यु भएको हो । ती बालिका आइतवार दिउँसो २ बजेदेखि घरबाट हराएकी थिइन् ।

स्थानीयले खोजतलास गर्ने क्रममा सोमवार विहान ७ वजे घरनजिकै रहेको सानोमाई खोलामा मृत अवस्थामा फेला पारेका थिए ।



घटनास्थलमा जिल्ला प्रहरी कार्यालयको टोली पुगेर आवश्यक कानुनी प्रक्रिया पुरा गरी शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको छ ।

उता ताप्लेजुङको मेरिङदेन गाउँपालिका -६ स्थित सिवा खोलामा निर्माणाधीन हाइड्रोपावरमा कार्यरत एक कामदार खोलाले बगाएर बेपत्ता भएका छन् । सोमवार दिउँसो ३:२० बजे हाइड्रोपावरमा कार्यरत कामदार भोजपुर षडानन्द -१३, बोया बस्ने २६ वर्षीय पेम्बा शेर्पालाई सिवा खोला तर्ने क्रममा अचानक खोलाले बगाई बेपत्ता बनाएको हो । उनी काम गरेर डेरातर्फ फर्किंदै गरेका थिए । प्रहरी , सेना, हाइड्रोपावरका कर्मचारी र स्थानीयवासीहरुको सहयोगमा खोजी कार्य भइरहेको जनाइएको छ ।




# नवनियुक्त ४ जना मन्त्रीले लिए शपथ

झापा(प्रस) । नवनियुक्त ४ जना मन्त्रीहरूले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।

राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार दिउँसो एक समारोहकाबीच राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त ४ जना मन्त्रीहरूलाई शपथ ग्रहण गराएका हुन् । प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले चार जनालाई मन्त्रीमा नियुक्त गरेका थिए। राष्ट्रपति पौडेलले अनिलकुमार सिन्हा, डा. मदन परियार, महावीर पुन र जगदीश खरेललाई मन्त्रीमा नियुक्त गरेका थिए।

यसअघि प्रधानमन्त्री कार्कीले स्वास्थ्य मन्त्रीमा संगीता मिश्रको नाम सिफारिस गरेपनि अन्तिम समयमा उनको सपथ रोकिएको थियो।

सिन्हालाई उद्योग वाणिज्य, आपूर्ति, कानुन तथा न्याय र भूमिसुधार मन्त्रालय, सहकारी तथा गरिबी निवारण, परियारलाई कृषि, पुनलाई शिक्षा तथा विज्ञान प्रविधि र खरेललाई सञ्चार मन्त्रालयको जिम्मेवारी दिइएको छ।

जेनजी समूहको प्रस्तावमा राष्ट्रपति पौडेलले अन्तरिम सरकारको प्रधानमन्त्रीमा सुशीला कार्कीलाई नियुक्त गरेका थिए। त्यसपछि प्रधानमन्त्री कार्कीको सिफारिसमा रामेश्वर खनाल, कुलमान घिसिङ र ओमप्रकाश



अर्याल मन्त्री नियुक्त भएका थिए। प्रधानमन्त्री कार्कीले ११ सदस्यीय मन्त्रिपरिषद् गठन गर्ने बताउँदै आएकी छन्। तर प्रधानमन्त्री कार्कीसहित हालसम्म ८ जना मात्रै मन्त्रिमण्डल विस्तार भएको छ ।

अझैं ३ जना मन्त्री चयन गर्न बाँकी नै रहेको हो । हालसम्म मन्त्री भएका जति सबै राजनीतिक दलभन्दा बाहिरका छन् ।

सोही समारोहका प्रधानमन्त्री कार्की, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, प्रतिनिधि सभाका सभामुख देवराज घिमिरे, सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र सुरक्षा निकायका प्रमुख लगायतको उपस्थिति रहेको थियो ।

महावीर पुन : रोमन म्यागसेसेदेखि शिक्षामन्त्रीसम्म

नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीमा सिफारिस भएलगत्तै महावीर पुनले आफूलाई बधाई दिन फोन नगर्नु भनेर फेसबुक स्टाटसमार्फत लेखे । कम बोल्ने तर आफूलाई लागेको कुरा धक नमानी बोल्ने उनले यसपटक पनि आफ्नो सिग्नेचर शैलीमा भने, 'मलाई कसैले पनि मन्त्री नभन्नु होला । कसैलाई मन्त्री नै भन्ने साह्रै रहर छ भने कवाडी वैज्ञानिक मन्त्री भन्नुहोला ।'

उसो त जीवनको लामो हिस्सा उनले इनोभेसनमै योगदान गरे । नयाँ पुस्ताहरू जन्माए । पुनले लामो समयदेखि राष्ट्रिय आविष्कार केन्द्रमार्फत ड्रोन, बायोमेडिकल, कृषि, शिक्षा, स्वास्थ्यलगायतका करिब २ दर्जन क्षेत्रमा अनुसन्धान र इनोभेसनको काम निरन्तर गरे ।

पुनको बाल्यकाल भने म्याग्दीको नागीमा बित्यो । २०११ सालमा जन्मिएका उनले कक्षा ७ सम्म गाउँकै विद्यालयमा अध्ययन गरे । त्यसपछि चितवन पुगे । त्यहाँबाटै उनले बाँकी स्कुले पढाइ पूरा गरे । कक्षा

❖ बाँकी पृष्ठ ३ मा

# मोटरसाइकलको ठक्करबाट पैदलयात्री महिलाको मृत्यु




झापा(प्रस) झापाको दमकमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्री महिलाको मृत्यु भएको छ । सोमवार बिहान ९ बजे दमक नगरपालिका -५आम्दा रोडस्थित भित्री सडकखण्डमा आम्दाबाट क्याम्पसमोडतर्फ जाँदै गरेको मे १० प १५७१ नं.को माटरसाइकलले पैदलयात्री दमक ५ बस्ने ४२ वर्षीया देवी बि.क.लाई ठक्कर दिएको थियो । टाउको, दुबै हातखुट्टा र शरीरमा गम्भीर चोट लागेर घाइते भएकी वि.क.लाई उपचारको लागि खरखरे आम्दा अस्पताल लगिएकोमा बिहान १०:१० बजे डाक्टरले मृत घोषणा गरेका छन् । शव पोष्टमार्टमको लागि दमक अस्पताल दमक पठाइएको र मोटरसाइकल चालक मोरङ मिक्लाजुङ ६ बस्ने २३ वर्षीय निराजन बिष्टलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय झिलझिलेमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# सडक विस्तार भएपछि कृष्णथुमकीमा दर्शनार्थीको भीड

• लक्ष्मी उप्रेती

मेचीनगर । सडकको पहुँच विस्तार भएपछि झापाको मेचीनगर नगरपालिका वडा नं. १ स्थित धार्मिक पर्यटकीयस्थल कृष्णथुम्की (कृष्ण पादुकाधाम) मा पछिल्लो समय दर्शनार्थीहरुको भीड बढ्न थालेको छ । यो स्थान सडकको पहुँचमा जोडिएपछि जीवनशैलीमा सहजता थपिएसँगै पूजापाठ तथा दर्शनका लागि आउने दर्शनार्थीहरुको भीड बढ्न थालेको कृष्णथुम्की विकास समितिले जनाएको छ । उत्तर मेची र सिद्धी नदीको संगमस्थलमा रहेको कृष्णथुम्की धार्मिक क्षेत्र हिन्दू, किरात र बौद्ध धर्मावलम्बीहरुको साझा तीर्थस्थल पनि हो । यस क्षेत्रमा वर्षेनि हजारौं बाह्य तथा आन्तरिक पर्यटक आउने गरेका छन् ।

पहिला –पहिला सडकका कारण सवारी साधनहरु समेत सहजरुपमा नचल्ने हुँदा धाम परिसरमा दर्शनार्थीहरुको खासै बाक्लो चहल –पहल हुँदैन थियो । अहिले स्थानीय सरकार मेचीनगर नगरपालिका, कोशी प्रदेश सरकार र संघीय सरकारले धार्मिक पर्यटकीयस्थल कृष्णथुम्कीमा मन्दिर र गुम्बाको मर्मतसम्भार तथा सडक कालोपत्र गरेसँगै पछिल्लो समय दर्शनार्थीहरुको भीड निक्कै बढेको कृष्णथुम्की विकास समितिका अध्यक्ष हिम्मत क्षेत्रीले बताए ।

'सडक कालोपत्र भएपछि दैनिकरुपमा पाँचवटा साना सवारी साधन,त्यति नै संख्यामा टेम्पो सिटी सफारी, कहिलेकाँहि दुई तीनवटा बससम्म लिएर दर्शनका लागि दर्शनार्थीहरु आउने गरेका छन् ' अध्यक्ष क्षेत्रीले भने, –' पछिल्लो समय दैनिक दुईसयदेखि दुईसय पचास जनासम्म दर्शनार्थी धाम आइपुग्ने गरेका छन् । ' केही समयअघिसम्म दैनिक दशदेखि १५ जनासम्म स्थानीय यहाँ आउथेँ । सडकले दर्शनार्थीहरुको यात्रालाई निक्कै सहज बनाइदिएपछि स्वदेशीमात्र नभएर विदेशी दर्शनार्थीहरुसम्म आउने गरेको अध्यक्ष क्षेत्रीले बताए ।

सडक विस्तारले अहिले गाउँघरका कुना-कुनाबाट दर्शन गर्न मानिसहरु आउने गरेका छन् । सडकले अहिले ग्रामीण स्तरसम्म प्रत्यक्ष लाभ पुगेको धामले जनाएको छ । पूर्वीद्वार काँकरभिट्टा तथा इटाभट्टाबाट १७ किलोमिटर उत्तर मेची र सिद्धी नदीको संगमस्थलमा रहेको कृष्णथुम्की धार्मिक एवम् पर्यटकीय स्थलसम्म पुग्न सकिन्छ ।

यी दुवै स्थानबाट त्यहाँ पुग्नका लागि सडक कालोपत्रे भएपछि दर्शनार्थीहरुले यातायातको सहज पहुँच पाएका हुन् । झापाको काँकरभिट्टाबाट इलामको सलकपुर र श्रीअन्तु जोड्ने सडक स्तरोन्नति गर्ने कार्य र दक्षिणतिरबाट सडक कालोपत्रे भइरहेको हुँदा कृष्णथुम्कीसम्म पुग्नका लागि पर्यटकलाई सहज भएको क्षेत्रीले बताए । कृष्णथुम्कीमा संघीय सरकारको सहयोगमा मन्दिर र गुम्बाको मर्मतसम्भार गरिएको छ ।

मन्दिर र गुम्बाको मर्मत सम्भारमा ३० लाख ३९ हजार एकसय ८० रुपैयाँ खर्च भएको छ ।जसमा सहरी विकास मन्त्रालयले २८ लाख पाँच हजार



१ सय ९७ रुपैयाँ सहयोग गरेको र समितिको आन्तरिक स्रोतबाट दुई लाख ३४ हजार छ सय २६ रुपैयाँ जुटाइएको अध्यक्ष क्षेत्रीले जानकारी दिए । मन्दिर र गुम्बाको मर्मत सम्भारपछि कृष्णथुम्की धार्मिक क्षेत्रको मुहार नै फेरिएको छ । पहाडी अग्लो टाकुरामा रहेको मूल मन्दिर पुग्नका लागि रेलिङसहितको पक्की सिढी निर्माण गरिएको छ भने गुम्बा, साकेला थान र राधाकृष्णको मन्दिर रंगरोगन गरेर आकर्षक बनाइएको छ ।

मूल मन्दिरमा पित्तलको छानो लगाइएको, साकेलाथान र गुम्बाको प्रांगण ढलान गरिएको , मन्दिर र बगैचा परिसरमा ब्लक र टायल्स बिछ्याएको छ । कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०७९ /८० र २०८०/८१ मा ३०/३० लाख रुपैयाँ धामका लागि प्राप्त भए पनि गत आर्थिक वर्ष २०८१/८२ र चालु आर्थिक वर्ष २०८२/८३ मा बजेट नपाएकोमा अध्यक्ष क्षेत्रीले दुःख व्यक्त गरे । मेचीनगर नगरपालिका वडा नम्बर १ ले हरेक वर्ष ५० हजार रुपैयाँ धामका लागि बजेट विनियोजन गर्ने गरेको छ । तर, त्यसले खर्च धान्ने अवस्था नरहेको उनको भनाई छ ।

यसवर्ष पहिलो पटक धाम समितिले कृष्णजन्माष्टमीका अवसरमा आयोजना गरेको रथ यात्रामा १५ देखि १८ हजार सहभागी रहेको अध्यक्ष क्षेत्रीले दाबी गरे । साउन महिनामा बोलबमको अवसर पारेर चारदेखि छ हजारले जल चढाएको, दशैका अवसरमा आयोजना गरीने पूजाआजामा समेत दुईदेखि तीनहजार भक्तजन आउने गरेको उनको भनाई छ । गत आर्थिक वर्ष २०८१/८२ मा करीब २५ हजार दर्शनार्थीहरु दर्शनका लागि आएको बताइएको छ । यो सवै सडक सञ्जालका कारण भएको धाम समितिले जनाएको छ ।

महाभारतकालीन पौराणिक कथन अनुसार भगवान् श्रीकृष्णले गाई चराएको किंवदन्ती जोडिएको सो स्थलमा गाईको खुरको छाप रहेको पवित्र शिला रहेको छ भने मन्दिर वरपर श्रीकृष्ण र पाँच पाण्डवको प्रतीकका रुपमा पाथी आकारको ठूला पाँच र साना दुई गरी सातवटा मनमोहक डाँडा छन् ।

यो क्षेत्र दृश्यावलोकनका लागि समेत प्रसिद्ध छ । यहाँका थुम्कीबाट नेपाल र भारतको टाढासम्मको भूभाग अवलोकन गर्न सकिन्छ । द्वापर युगमा श्रीकृष्णले चराएको गाईको खुरको दर्शन र दृश्यावलोकन गर्न नेपाल र भारतका पर्यटक आउने गरेको समितिका अध्यक्ष क्षेत्रीले बताए ।

'नेपालको कोशी प्रदेशका सवै जिल्लासहित अन्य स्थान र भारतको दार्जिलिङ, कालेम्पोङ, खर्साङ, मिरिक, सिक्किम, सिलीगुडी, नक्सलवारी, खोरीवारी, अधिकारी, बतासीलगायत अन्य स्थानबाट समेत आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् ' अध्यक्ष क्षेत्रीले भने । धार्मिक तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मनसा नागदेवी ४९ धारा तथा हिले सिमसार क्षेत्रले समेत कृष्णथुम्की दर्शनका लागि आउने दर्शनार्थीहरुका लागि सहयोग पुर्‍याएको छ ।

मनसा नागदेवीको मन्दिरसँगै ४९ वटा धारा निर्माण गरिएको छ । कृष्णथुम्की र मनसा देवी ४९ धारा तथा हिले सिमसार क्षेत्रको दुरी चार किलोमिटरमात्र छ । यहाँ हरेक वर्षको नाग पञ्चमीको अवसरमा धार्मिक तथा सांस्कृतिक कार्यक्रम हुने गर्दछ ।

योसँगै स्वामीचोकदेखि यायोख्या थान, भीमसेन डाँडा, बौद्ध गुम्बा हुँदै कृष्णथुम्की सौन्दर्य पार्कसम्मको पदमार्गले समेत साइक्लिङमा रमाउने आन्तरिक पर्यटकहरुलाई आकर्षित गर्ने गरेको छ । इलामको रोङ गाउँपालिका र झापा जोड्ने निन्दा नदीमा निर्माण गरिएको दुईसय मिटर लामो झोलुङ्गे पुलमा फोटो खिच्न समेत आन्तरिक तथा बाह्य पर्यटकको भीड लाग्ने गरेको छ । असारदेखि असोज महिनासम्म देखिने यो झरनाले पर्यटकको मन निक्कै लोभ्याउने गरेको छ ।

पूर्वपश्चिम राजमार्गलाई चार लेनको एसियाली राजमार्गको रुपमा स्तरोन्नति भइरहेको र बाहुनडाँगीमा मदन भण्डारी राजमार्गको प्रस्थान विन्दु समेत रहेको कारण बाहुनडाँगी क्षेत्रका कृष्णथुम्की लगायतका ऐतिहासिक धार्मिक क्षेत्रहरुको पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने सम्भावना छ ।


**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**प्रदेश नं. १, प्रादेशिक कार्यालय, बिराटनगर**
**अनारमनी वितरण केन्द्र**

फोन:
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

## विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

उपरोक्त सम्बन्धमा निर्माणाधीन अनारमनी चन्द्रगढी ३३ केभी लाइनको Right Of Way (ROW) clearance को लागि यस अनारमनी वितरण केन्द्र अन्तर्गत अनारमनी अफिसदेखि सैनिकमोडसम्म double circuit निर्माण , १४.५ ḿ पोल गाडी क्रसिङ्ग हटाउने कार्य अन्तिम चरणमा रहेको र अब १४.५ m Pole गाडी क्रसिङ्ग हटाउने कार्य मात्र बाँकी भएको र पोल समेत गाडिसकेको र तार तान्न बाँकी भएकाले उक्त कार्य गर्न लाइन सटडाउन गर्नुपर्ने भएकाले मिति २०८२ असोज ७ गते मङ्गलबार गरामनी , धुलाबारी ,बजार , चाराली, गोलधाप फिडर बिहान ६ बजेदेखि बिहान १० बजेसम्म अबरुद्ध हुने व्यहोरा जानकारीका लागि अनुरोध छ । कार्यप्रगति अनुसार लाइन आउने समय तोकिएको समयभन्दा १ घन्टा तल/माथि हुन सक्नेछ । विद्युत अबरुद्ध भएर पर्न गएको असुविधाप्रति नेविप्रा क्षमाप्रार्थी छ ।

**– नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**





२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

**सरावगी प्लाइउड उद्योग परिवार**
भद्रपुर, झापा



२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

**समाजसेवी : बिज्ञानचन्द्र राई तथा परिवार**
भद्रपुर, झापा



२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

**चन्द्रगढी सामुदायिक वन उपभोक्ता समिति परिवार**
भद्रपुर,९- झापा



२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

प्रबन्ध निर्देशक : गोपालबहादुर थापा
**मैनाचुली ह्युमपाइप उद्योग परिवार**
भद्रपुर, (देउनिया) झापा



२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

**साइद हुसैन तथा हुसैन परिवार**
भद्रपुर,८- झापा



२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

अध्यक्ष : युवराज डाँगी
**नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान परिवार**
बिर्तामोड झापा



२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

सचिव :गंगाकुमारी कार्की
अध्यक्ष : यादवकुमारी तिम्सिना
**श्री पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
बिर्तामोड झापा



२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

अध्यक्ष : गोपालबहादुर थापा
**स्वर्गद्वारी कृषि सहकारी संस्था लि. परिवार**
भद्रपुर, झापा



२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

**प्रेरणा ट्रेडर्स परिवार**
भद्रपुर, झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# दशै शुभ रहोस्

दशै आम नेपालीहरु सँगै विशेष गरेर हिन्दू नेपाली हरुको सबैभन्दा ठूलो चाड हो । १५ दिनसम्म पुजापाठ, व्रत र उत्सवकासाथ मनाइने यो चाड असत्यमाथि सत्यको बिजय भएको सन्दर्भ भएकोले पनि बिशेष पुजापाठ गरेर मनाउने गरिन्छ ।
नेपालको राजनीतिक परिबेश र परिवर्तनसँगै दशैलाई निकै हर्षका साथ मनाउनुपर्ने दिनहरु एकातिर देखिएका छन् भने जेनजी आन्दोलनले पाएको अधिकार गुम्ने हो कि भन्ने चिन्तासमेत आम नेपालीहरुमा देखिएको छ । हिन्दूहरुको महान् चाड दशैं घरघरमा भित्रिएको छ ।

पारिवारिक मिलनका रुपमा विकसित हुँदै आएको दशैंको धार्मिक, सांस्कृतिक र पौराणिक महत्वसमेत छ । महत्वकै आधारमा पनि यो पर्वलाई ठूलो चाड मानिएको हो । पन्ध्र दिनसम्म मनाइने भएकाले अन्य चाडभन्दा विशेष रहँदै आएको छ । मानिसको व्यावहारिकदेखि सामाजिक अर्थमा पनि दशैं नेपाली सम्पूर्ण समुदायकै चाड बन्ने गरेको छ । नेपालमा बसोबास गर्ने सबै समुदाय र वर्गले समानरुपमा नमनाए पनि सामाजिक प्रभाव पर्ने गरेको छ । यसर्थ पनि नेपालीमात्रको पर्वका रुपमा रहँदै आएको हो । फरक समुदायले यो चाडलाई आफ्नै सांस्कृतिक विश्वास, आस्था र दृष्टिकोणबाट मनाउने गरेको पाइन्छ । बिरोध वा समर्थन जे जसरी भए पनि दशैं सबैको चाड बनेको छ ।

सद्भावका लागि पर्वहरुको महत्व हुने गर्दछ । तर समय र परिस्थितिअनुसार मनाउने शैलीमा विविधिता हुँदै आएको छ । नेपाली संस्कृतिमा पश्चिमा शैलीको प्रवेशले केही विकृति आएको यथार्थ हो । विशुद्ध नेपाली परम्परागतरुपमा मनाउँदा दशैं अनुशासनको पर्याय हो । दशैंमा लामो समयसम्म घरपरिवारभन्दा अलग बस्न बाध्य भएका परिवारका सदस्यहरु आफ्नो गाउँघर फर्कने गर्दछन् । परिवारको ज्येष्ठ सदस्यबाट आशीर्वाद लिने दशैंको विशेषता नै हो । आशीष लिने र दिने संस्कृति बोकेको दशैंलाई पौराणिक तथा धार्मिक आस्थासँग पनि जोड्न सकिन्छ । कथ्यभन्दा पनि मानिसको व्यवहारले पर्वहरुको गरिमा बढाउने काम गर्दछ । यही ओजपूर्ण मान्यताको प्रतीक दशै हो ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसंगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# उत्साहको चाड बडादसैं



• विमला ढकाल

यतिबेला गाउँसहरका दृश्यहरूले दसैं आगमनको सङ्केत दिएका छन् । दसैं आउन लागेदेखि नै घर घरमा चहलपहल सुरु हुन्छ । वरपर सबैतिर सफा गरिएका बाटोहरूमाथि तोरण टँगिएका, चोक चोकमा लिंगे, पिर्के, राँहटे पिङ हालिएका दृश्यहरू मनमोहक देखिन्छन् । वर्षायामको हिलो सकिएर जताततै सफा र खुलेको निलो आकाशमुनि हरियाली डाँडाहरू पर परसम्म परेली परेका देखिन्छन् । हिमालहरू यसरी टल्किएका हुन्छन् कि मानौं माता प्रकृति प्रशन्न मुद्रामा छन् । प्रकृतिमा वैभव छाएको देखिन्छ । शरद् ऋतुमा पर्ने दसैं प्रकृतिमा सुन्दरता, उल्लासमय वातावरण छाएको हुन्छ । यो ऋतुमा मौसम न त धेरै चिसो न धेरै गर्मी हुने हुन्छ । त्यसैले स्वास्थ्य उत्साह र उत्सवका लागि अनुकूल हुन्छ ।

जताततै सुनिने तथा रेडियो टेलिभिजनमा गुन्जिने मालाश्री (मङ्गल) धुनले दसैं आउन लागेको सङ्केत दिँदै मनलाई उत्साहित बनाइदिन्छ । आजकल त युट्युब तथा रिलहरूमा पनि मङ्गल धुन बज्छन् । बिहानीपखका सुनौला घामको न्यानो स्पर्शले हरकोहीका लागि दसैं आगमनको आभाष दिलाउँछ । यस्तो लाग्छ प्रत्येक बिहानीले दसैंलाई अझै नजिक ल्याउँदै छ । साथमा आफन्तजनको आत्मीय मिलन र न्यानोपन नजिकिँदै गएको आभाषले मन विभोर बनाइदिन्छ ।

दसैंको बेलामा गाउँघरमा धेरै रमाइलो हुन्छ । विदेशमा रहँदा दसैंमा अलि खल्लो हुन्छ । आफ्नो देश आफ्ना संस्कृति र आफन्त अनि साथीभाइको याद झल्झली आइरहन्छ तर बिदेसिने बाध्यता भएकाले गर्दा नेपाली विदेशमा पनि साथीसँगी भेला भएर, शुभकामना अदानप्रदान गरेर उपलब्धता अनुसारका मिठा परिकार सँगै खाएर, रमाइलो गरेर मनाउँछन् । यसले विदेशमा पनि नेपाली संस्कृति जोगाइरहनुका साथै प्रवर्धनमा समेत मद्दत पुगेको छ । यस संसारको जुन कुनामा भए पनि राष्ट्रियता र धार्मिक सहिष्णुताका र प्रविधिको सहजताको कारण दसैंको माहोल जीवन्त छ ।

दसैंको सनातन संस्कृति सुरम्य छ । आशीर्वचनको भाव प्रकृतिको शीतलताका बिच आध्यात्मिक चेतना र आन्तरिक शान्तिको अनुभूति प्राप्त गर्न सकिन्छ । बाल्यकालका यादहरूमा घोत्लिँदा लाग्छ कि प्रकृतिको मनोरम सौन्दर्य, सामाजिक मेलमिलाप, परिवारजनको आत्मीय मिलन, नयाँ लत्ताकपडा, मिठा खानाका परिकारहरू दसैंले ल्याउने बहारहरू हुन् । आज पनि ती दृश्यहरू सदावहार छन् । गाउँका घरहरूमा पनि बिदेसिएका छोराछोरीको पुनर्आगमनले रमाइलो छाएको हुन्छ । मूलबाटोमा विदेश (मलेसिया, साउदी कतार, दुवई, बहराइन) बाट लाहुरेहरू आएका देखिन्छन् । नाइलनको डोरीले बुनेर जाली बनाई दह्रो बनाइएका सुटकेस बोकेर आफ्ना परिवारलाई भेट्न आतुर लाहुरेहरू मिलनका पल सम्झिँदै हिँडिरहेका भेटिन्छन् ।

गाउँघरका पाखापखेरा पुलकित देखिन्छन् । खेतभरि लह लह सुनौला धानका पाकेका बाला झुलेका हुन्छन् । बिहानीको सूर्यको किरणले बाला र सँगैका पहेंला पातहरूमा शीत सुन झैं टल्किएका हुन्छन् । खेतका डिलमा मास र भटमासका पाकेका झ्याँङ झुप्प परेका हुन्छन् । बारीमा कोदोमा बाला लागिसकेको हुन्छ, कोदोको बिच बिचमा गावा कर्कलाका गोला पातहरू पनि देखिन्छन् । बारीका छेउ छेउमा सिलटिम (मस्याङ) र अडहरका कोसा भर्खरै लाग्दै हुन्छन् । बेडुला खनियाँ पनि मिठा पाकेका हुन्छन् ।

मनभित्रबाट स्वागत गर्न आतुर गाउँघरमा समृद्धिको भावना झल्किएको हुन्छ । घरभित्र बाहिर सबैतिर पिँढी आँगन सर्लक्क लिपिएको हुन्छ । गाउँघरमा सबै जसो घर कमेरो र रातो माटोले छेपेर पोतेर उज्याला झललल्ल देखिन्छन् । फूलहरू आँगनका डिलमा लहरै राता पहेंला मालती गुलाबी सेता विभिन्न रङमा फूलेका हुन्छन् । दैलामुनि बोडी करेला भिन्डी घिँरौला लौका फर्सी इस्वारा (इसकुस) प्रशस्त फलेका हुन्छन् । सुन्तलामा अलि अलि अमिलोसहितको मिठास भरिएको बेला हुन्छ । अम्बा दिनानुदिन पाक्ने क्रममा हुन्छन् भने केरा पसाउने तथा पाक्ने भइरन्छ ।

दसैं नेपालीले मनाउने एक मौलिक र महान् पर्व हो । असोज शुक्ल प्रतिपदाका दिनदेखि पूर्णिमासम्म १५ दिन (दुर्गा पक्ष) मनाइन्छ । दसैंभरि बिहानै स्नान गरी शुद्ध भई दुर्गा सप्तशती चण्डी पाठ तथा पूजा गर्ने चलन हुन्छ । जब असोज शुक्ल प्रतिपदा अर्थात् दसैंको पहिलो दिन सुरु हुन्छ साइत पारेर सौगातको बीजले घडा सजाइन्छ । पवित्र स्थानमा घटस्थापना गरेर विभिन्न अन्न जौ तिलसँगै गहुँ धान मकैका जमरा राखिन्छ । घटस्थापनामा राखिएका जमरामा नित्य पानी छम्कने र जमरा दिनानुदिन बढेको हेर्दा घरका हुर्कंदै गरेका बच्चाहरूका लागि एउटा राम्रो प्रायोगिक सांस्कृतिक सिकाइ हुन सक्छ । दसैंको अन्तिम दिन कोजाग्रत पूर्णिमाको दिन जमरालाई खोलानाला पँधेरा वा पानीको स्रोत भएको स्थानमा लगेर सेलाइन्छ ।
जब यसरी घटस्थापनामा घरभित्र राखिएका जमरा भरै उम्रेका हुन्छन् । कुँडेभरी गाईभैंसीको दुध, आमाले छोराछोरीलाई पठाउन भनी भरेका घिउका डब्बा, मकैको कुन्यु र भकारीमा धान, अनि कोदो र गहुँ पनि हुन्छ आँटीमा । डालाहरूमा मकै, गैंडागुडी, तोरी हुन्छ । हिँउँदमा बुनेर राखेका नयाँ गुन्द्री बेरेर चाङ पारेका राखिएका हुन्छन् । पिँढीको मुड्कामा झुन्ड्याइएको रेडियोले बेला बेलामा मालाश्री (मङ्गल) धुन अनि जय अम्बे जय अम्बे अय अम्बे महकाली... जय दुर्गे जय दुर्गे जय दुर्गे दक्षिणकाली गाइरहेको हुन्छ । गोठमा गाईभैंसी र बाख्रा अनि मलखाता वरिपरि खुर्सानी र भ्यान्टाका बोट अनि नजिकै रायो साग पनि खान मिल्ने बेलाको हुन्छ । तब लाग्छ यी सबै आफ्ना र आफन्त सनातन संस्कृतिमा सजिएका दसैंका माहोलहरू ।

नौ दिनसम्म नवदुर्गा भवानीको पूजापाठ गरिन्छ । दसैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्राघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा गरिन्छ । यस वैदिककालीन संस्कृतिको अनुसरण तथा देवीशक्तिको भक्तिभावबाट मनमा शान्ति, स्वच्छन्दता र आध्यात्मिक चेतना प्राप्त गर्न सकिन्छ ।
फूलपातीको दिन नयाँ पालुवा हालेका उखु, केरा, बेलपत्र, अशोक तथा हलेदो धानको गाँज आदि फूलपाती र फलफूलहरू घरमा भित्र्याइन्छ । अष्टमीको दिन कालरात्रिको पूजा साथै घरमा भएका सबै औजारको पूजा गरिन्छ । कतै कतै खसी कुखुरा हाँस च्याङ्राको बलि दिने र शाकाहारीले नरिवल केरा कुभिन्डो घिरौंला चढाउने चलन हुन्छ । हाम्रो समाजमा बलि प्रचलनको आआफ्नै मान्यता छ । बलि दिनुको अर्थ त्याग गर्नु हो । हामीमा निहित नकारात्मक त[illegible]व जस्तै काम क्रोध, लोभ मोह, अहङ्कार जस्ता विकारको त्याग गर्नुलाई बलि दिने प्रतीकका रूपमा लिन सकिन्छ । नवमीको दिन देवी सिद्धिदात्रीको पूजा गरिन्छ । विभिन्न मौलिक पारम्पारिक रोटीहरू सेलरोटी, फिनी, अर्सा, अनरसा, घिउ झर तथा मिठाई बनाउने तथा सबै परिवारसँगै बसेर खाँदै रमाइलो गरिन्छ ।

हामी नेपालीले विजया दशमी अर्थात् बडादसैं धुमधामका साथ मनाउँदै आएका छौं । पौराणिक कालमा शक्तिस्वरूपा दुर्गादेवीले महिसासुरलगायत अति शक्तिशाली असुरहरूमाथि विजय प्राप्त गरेको र त्रेता युगमा मर्यादा पुरुषोत्तम रामले रावणमाथि विजय प्राप्त गरेको उपलक्ष्यमा विजयादशमी मनाइँदै आइएको हो । दसैंको दिन देवी विसर्जन गरी देवीको प्रसाद स्वरूप मान्यजनबाट रातो रङका अक्षता, पहेंला जमरासहित आशीर्वाद ग्रहण गर्ने गरिन्छ ।

दसैंको दिन बिहानैदेखि घरमा सबै तयारी सुरु हुन्छ । अक्षता भिजाउने, देवी विसर्जन गरी खाना तयार गर्ने तथा गाईवस्तुका लागि घाँसपातको व्यवस्था मिलाउने सबै काम सकिन्छन् । साइतमा मान्यजनबाट टीका र आशीर्वाद ग्रहण गरिन्छ । टीका लगाइसकेपछि घर परिवार मिलेर मिठा मिठा परिकार खाइन्छ । साथै गाउँघरमा अरू मान्जनहरूको घरहरूमा टीका र आशीर्वाद ग्रहण गर्दा सामाजिक सामीप्यताको अनुभूति हुन्छ । साना केटाकेटीले वरपर रहेका गाउँघरमा टीका लगाउँदै दक्षिणा सङ्कलन गर्ने, मिठा परिकार खाँदै हिँड्ने, पिङ खेल्ने, विभिन्न खेल खेल्दै, समूह बनाई फुरुङ पर्दै हिँडेका दृश्यहरू साँच्चै नै रोमाञ्चक देखिन्छन् ।
नेपाल एक बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक विविधतासहितको एकता भएको देश हो । त्यसैले चाडपर्व मनाउने शैली पनि विभिन्न प्रकारका छन् ।
दसैं उत्साह र उमङ्गको पर्व भएकाले दसैंमा गरिने भेटघाट, मेलमिलाप, सामूहिक मनोरञ्जनबाट मनमा आनन्द र पुनर्ताजगी प्राप्त हुन्छ । मानव जीवनचक्रमा अनेकौं सुख दुःख आउने जाने भइरहन्छ । हरेक पलहरू आनन्दमयी नहुन पनि सक्छन् । चाडपर्वको समयमा अवस्था प्रतिकूल नै भए पनि संयमता र धीरता अपनाएर परिवारसँगै रहेर भावनाहरू साटासाट गर्न सकिन्छ । आआफ्ना संस्कार अनुसार सदाचारमा रहेर संयमित तवरले चाडपर्व मनाउँदा हाम्रो अनुपम धार्मिक सहिष्णुता सर्वत्र झल्किन्छ ।

# पुस्तान्तरण र संवैधानिक पुनर्संरचना



• भानु पराजुली

भदौ २३ अब केवल एक मिति होइन, यो नेपाली राजनीतिक इतिहासमा चेतनाको प्रतीक बनिसकेको छ । जेनजी आन्दोलन, नयाँ पुस्ताको नेतृत्वमा भएको यो जनसञ्चालित अभियान, सडकमा उत्रिएका युवाको आक्रश मात्र होइन, विवेक, सङ्गठन र आचारसंहिताले भरिएको विद्रोह हो । अघिल्ला आन्दोलनभन्दा फरक, यसले नेपाली राजनीतिक संरचनाको गहिरो कमजोरी कुशासन, भ्रष्टाचार र अप्रभावकारी संविधानमाथि सशक्त प्रहार गऱ्यो । राज्यले संवादको सट्टा दमनको बाटो रोज्दा, कलिला युवाको ज्यान गयो, सम्पत्ति नष्ट भयो र जनआक्रोशको ज्वालामुखी विस्फोट भयो । फलस्वरूप घुसपैठका कारण सार्वजनिक सम्पत्तिको अकल्पनीय क्षति भयो । आन्दोलनले एउटा स्पष्ट सन्देश दियो त्यो भनेको पुरानो नेतृत्व र विधिले अब देशलाई अघि बढाउन सक्दैन । अबको बाटो संवैधानिक पुनर्संरचना हो, जसले जनअपेक्षालाई सम्बोधन गर्न सक्ने नयाँ ढाँचा निर्माण गर्छ ।

यति छोटो असङ्गठित आयोजनामा यति ठुलो विद्रोह बन्यो विश्वसमेत कारण बुझ्न अविशप्त बन्यो । विगत दशकको अस्थिरता, अविश्वास र अवसरको क्षतिमा बित्यो । विसं २०७५ मा संसद् विघटनपछि नेपालमा लोकतन्त्रको ओरालो यात्रा सुरु भएको थियो । राजनीतिक दलहरू जनताबाट टाढा भए, भ्रष्टाचार र दलाल पुँजीवादले अर्थतन्त्रलाई कमजोर बनायो । साना व्यवसायी पिल्सिए, सत्तासमीपका व्यक्ति लाभान्वित भए । शिक्षा, स्वास्थ्य, रोजगारीमा गिरावट आयो । देशका प्रतिभाशाली युवा विदेश पलायन भए । गठबन्धन सरकारहरूको फेरबदलले दीर्घकालीन नीति निर्माण असम्भव बनायो । मन्त्रीहरू बारम्बार बदलिए, योजना अधुरै रहे । विदेशी लगानीकर्ताले विश्वास गुमाए, देश अनिश्चितताको चक्रव्यूहमा फस्यो । देशभक्त कार्यकर्ता पछाडि परे, स्वार्थी तत्व अगाडि आए । यही निराशा र हतास मनस्थितिबाट जन्मिएको हो जेनजी आन्दोलन ।

**संवैधानिक पुनर्संरचना : अबको एक मात्र विकल्प**

जेनजी आन्दोलनले देखाएको एउटा विषय के भने वर्तमान संविधान र राजनीतिक संरचनाले जनअपेक्षा पूरा गर्न सकेन । विसं २०७२ मा सहमतिबाट बनेको संविधानले समयसँगै आफ्ना कमजोरी उजागर गऱ्यो । केही संरचनात्मक समस्या समाधान हुन सकेनन्, बरु नयाँ समस्या उत्पन्न भए । पछिल्लो विश्वमै नहुने दुई ठुला दलको सरकारले स्थिरता र समृद्धितर्फ डोऱ्याउँछ भन्ने आसामाथि कुठाराघात भयो । अझ संविधान संशोधनसहितको पाँच बुँदे सझदारी पोलेर खाए । त्यसैले अब संविधान संशोधन वा पुनर्लेखनको बहसलाई राष्ट्रहितमा सकारात्मक रूपमा अघि बढाउनु आवश्यक छ । संविधान स्थिर होइन, जनताको आवश्यकता अनुसार परिमार्जन गर्न सकिने जीवित दस्तावेज हो । निम्न क्षेत्रहरूमा तत्काल हस्तक्षेप आवश्यक छ ।

कार्यकारी सुधार : स्थिरता र जनादेशको आवश्यकता : संविधानको धारा ७६ अनुसार प्रधानमन्त्री प्रतिनिधि सभाबाट निर्वाचित हुन्छन् । यसले गठबन्धनको राजनीति बढाउँछ, जहाँ साना दलले ठुला दललाई ‘ब्ल्याकमेल’ गर्न सक्छन् । सरकार अस्थिर हुन्छन्, एकले बजेट बनाउँछ, अर्कोले कार्यान्वयन गर्छ, तेस्रोले मूल्याङ्कन । दीर्घकालीन नीति निर्माण अवरुद्ध हुन्छ । तसर्थ समाधानस्वरूप, प्रत्यक्ष जननिर्वाचित कार्यकारी प्रधानमन्त्रीको प्रणाली लागु गर्ने विकल्पमा गम्भीर विचार गर्नु पर्छ ।

जनताले सिधै प्रधानमन्त्री चयन गर्दा स्पष्ट जनादेश प्राप्त हुन्छ, कार्यकालभरि स्थिरता रहन्छ । वैकल्पिक रूपमा, संसदीय प्रणालीलाई कायम राख्दै विश्वास मतपछि निश्चित समय (जस्तै दुई वर्ष) सरकार विघटन नहुने व्यवस्था गर्न सकिन्छ । संघीय संरचना र आर्थिक यथार्थसँगको मेल खाने हुनु पर्छ, संविधानको धारा ५६ र ५७ अनुसार नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र हो । व्यवहारमा सात प्रदेशको संरचना आर्थिक रूपमा अव्यावहारिक देखिएको छ । केही प्रदेश आत्मनिर्भर हुन सक्दैनन्, केन्द्रको अनुदानमा निर्भर छन् । अधिकारको द्वन्द्व, राजनीतिक हस्तक्षेप, र प्रशासनिक कमजोरीले संघीयताको उद्देश्य नै कमजोर बनाएको छ । अब प्रदेशहरूको पुनर्संरचना वा खारेजीको विकल्प खुला राख्नु पर्छ । आर्थिक, सांस्कृतिक र प्रशासनिक दृष्टिले व्यावहारिक संख्यामा प्रदेश पुनर्निर्माण गर्न सकिन्छ । वैकल्पिक रूपमा, संघीयता कायम राख्दै धारा ५७ मा स्पष्टता ल्याउनु पर्छ, केन्द्र र प्रदेशबिचको अधिकार सूची परिभाषित गर्न, वित्तीय अधिकार प्रदेशलाई हस्तान्तरण गर्न र अन्तरप्रदेशीय परिषद् गठन गर्न ।

व्यवस्थापिकाको सुधार : कार्यक्षमता र खर्चको सन्तुलन : द्विसदनात्मक व्यवस्थापिका प्रतिनिधि सभा र राष्ट्रिय सभाले कानुन निर्माण प्रक्रियालाई जटिल, ढिलो र खर्चिलो बनाएको छ । राष्ट्रिय सभाको भूमिका अस्पष्ट छ र विधेयकमा ठोस हस्तक्षेप गर्न सक्दैन । अब एक सदनात्मक व्यवस्थापिका अपनाउने विकल्पलाई गम्भीरतापूर्वक विचार गर्नु पर्छ । प्रतिनिधि सभालाई मात्र कायम राख्दा कानुन निर्माण छरितो, कार्यक्षम र कम खर्चिलो हुने छ ।

समावेशिताको सुनिश्चितता गर्न धारा ८४(२) मा सुधार गरी समानुपातिक निर्वाचन प्रणालीलाई सुदृढ बनाउनु आवश्यक छ । अर्कातर्फ प्रधानमन्त्रीले मन्त्री नियुक्त गर्दा दलगत समीकरणलाई प्राथमिकता दिने प्रवृत्तिले शासन प्रणालीमा कमजोरी ल्याएको छ । योग्यता र विशेषज्ञताबिना मन्त्री नियुक्त हुँदा नीति निर्माण र कार्यान्वयन दुवै प्रभावित हुन्छ ।

अब धारा ७६(९) मा संशोधन गरी मन्त्री नियुक्तिका लागि शैक्षिक योग्यता, अनुभव र विषयगत दक्षता अनिवार्य गर्नु पर्छ । यसले मन्त्रालयहरूलाई पेसागत र परिणाममुखी बनाउँछ । यस्तै संवैधानिक निकायको सरलीकरण, प्रभावकारिता र समावेशीकरणमा पनि विशेष ध्यान पुग्नु पर्छ । संविधानमा उल्लिखित आयोगहरूको संख्या अत्यधिक छ । कार्यक्षेत्रमा दोहोरोपन, हस्तक्षेप र राजनीतिक भागबन्डाले तिनको स्वतन्त्रता कमजोर बनाएको छ । अब समान प्रकृतिका आयोगहरूलाई एकीकृत गरी ‘सामाजिक न्याय तथा समावेशीकरण आयोग’ गठन गर्न सकिन्छ । लोक सेवा र सार्वजनिक सेवा आयोगलाई पनि एकै निकायमा समेट्न सकिन्छ । यसले खर्च घटाउँछ, कार्यदक्षता बढाउँछ, र संस्थागत विश्वसनीयता पुनर्स्थापित गर्छ ।

चुनावी प्रणालीमा परिमार्जन : स्थिरता र जनप्रतिनिधित्वको सन्तुलन : मिश्रित निर्वाचन प्रणालीले स्थिर सरकार निर्माण गर्न सकेको छैन । प्रत्यक्ष निर्वाचित सांसदहरू मन्त्री बन्ने होड र बजेटको लुछाचुँडीमा लाग्छन्, समानुपातिक सांसदहरू दलको इच्छामा निर्भर हुन्छन् । समाधानस्वरूप, पूर्ण समानुपातिक प्रणाली लागु गर्न सकिन्छ । मतप्रतिशत अनुसार सिट वितरण हुने प्रणालीमा दलहरूले निर्वाचनपूर्व समावेशी उम्मेदवार सूची दिनु पर्छ । कार्यकारीका हकमा प्रत्यक्ष निर्वाचन प्रणाली लागु गर्न सकिन्छ, जसमा जनताले सिधै प्रधानमन्त्री चयन गर्छन् ।

नयाँ पुस्ताको अपिल हाम्रो साझा जिम्मेवारी : जेनजी आन्दोलनले संविधान, शासन र नेतृत्वमाथि गहिरो प्रश्न उठाएको छ । युवाको बलिदानलाई राजनीतिक दलहरूले आफ्नो स्वार्थपूर्तिको साधन बनाउने प्रयास गर्न सक्छन् । त्यसैले, अब युवाले नै संवैधानिक सुधारको मागलाई सङ्गठित रूपमा अगाडि बढाउनु पर्छ । संविधान जनताको साझा सम्पत्ति हो । यसलाई जनअपेक्षा अनुसार परिमार्जन गर्नु अपराध होइन, यो नागरिकको जिम्मेवारी हो । यो केवल जेनजी को लडाइँ होइन, समग्र राष्ट्रको हितको लडाइँ हो ।
भ्रष्टाचारको अन्त्य र सुशासनको प्रत्याभूति खोज्दै सडकमा गुन्जिएका नवयुवाको शुद्ध रगतले मातृभूमिको माटो सिँचेर नयाँ आशाका बीज रोपेका छन् । ती बीज अब भोलिको उज्यालो बन्ने छन्, जहाँ सत्य, न्याय र समानताको छायाँमा प्रत्येक नेपालीले स्वच्छ सास फेर्न सक्ने छन् । आजका ती किशोर स्वरहरू केवल नारा होइनन्, उनीहरू समयको वीणा बनेर भविष्यको मधुर रागमा अनवरत बजिरहनुपर्ने धुन हुन् । जीवनको सर्वस्व आहुति दिने वीर योद्धाहरूको बलिदान अमर रहने छ ।

# सामाजिक सुरक्षा परिचयपत्र नवीकरणको समयावधि बढ्यो

झापा(प्रस) । सरकारले सामाजिक सुरक्षा परिचयपत्र नवीकरणका लागि समयावधि बढाएको छ । यसअघि सामाजिक सुरक्षा परिचयपत्र भदौ मसान्तभित्र नवीकरण गरिसक्नुपर्ने व्यवस्था रहेकामा त्यसलाई संशोधन गरी समयावधि बढाएर असोज मसान्त कायम गरिएको हो ।



सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ मार्फत् सरकारले यस्तो व्यवस्था ल्याएको हो । संशोधित नियमावली राजपत्रमा प्रकाशित भइसकेको छ । 'सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (१) मा रहेका भदौ मसान्तभित्र भन्ने शब्दहरूको सट्टा असोज मसान्तभित्र भन्ने शब्दहरू राखिएका छन् ।

# अब आमाको नामबाट वंशजको आधारमा नागरिकता लिन सहज

झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले 'नेपाली नागरिकतालाई संशोधन गर्न बनेको विधेयक २०६३' प्रमाणीकरण गरेसँगै अब आमाको नामबाट पनि वंशजको नागरिकता लिन सहज हुने भएको छ । यसअघि बाबुको नामबाट मात्रै वंशजको नागरिकता दिइँदै आएको थियो ।

'नेपाली नागरिकता ऐन २०६३' संशोधन भएसँगै बाबुको पहिचान हुन नसकेको वा आमाले 'बाबु यिनै व्यक्ति हुन्' भनी पहिचान नगरे पनि आमाको नामबाट वंशजको नागरिकता प्राप्तिको लागि सहज हुने भएको हो ।

नागरिकता ऐनको दफा २ को उपदफा ५(क) मा भनिएको छ, 'नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको व्यक्तिको बाबु सम्पर्कविहीन भई बाबुको पहिचान हुन नसकेको वा त्यस्तो व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणमा बाबुको नाम उल्लेख भएता पनि बाबुको नाम खुलाउन नसकेको भनी निज र निजका आमाले स्वघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान हुन नसकेको मानिनेछ र निजले उपदफा ५ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गरिनेछ ।' साथै उपदफा ५ (१) को उपदफा ३ को खण्ड 'ग'मा नेपाली नागरिकताका लागि निवेदन दिँदाका बखतमा आमाको मृत्यु भइसकेकोमा सोको प्रमाण वा होस् ठेगानामा नरहेकोमा सोही बेहोरा खुलाई चिकित्सकले प्रमाणीकरण गरेमा आमाको स्वघोषणा आवश्यक नपर्ने उल्लेख छ ।

साथै नागरिकता ऐनमा नेपाली नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको वा बाबुको पहिचान नभएको व्यक्ति र निजको आमाले तोकिए बमोजिम स्वघोषणा गरेमा पनि अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ ।

नयाँ ऐनले बाबु वा आमामध्ये आफूले रोजेको थर र ठेगाना राख्ने अधिकार सन्तानहरूलाई दिएको छ । 'यस ऐनबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई आमा वा बाबुको थर र ठेगानामध्ये निजले रोजेको थर र ठेगाना उल्लेख गरी नागरिकता दिन सकिने छ,' ऐनमा थपिएको दफा ८ (क)मा भनिएको छ । सर्वोच्च अदालतले यसअघि पनि सन्तानलाई बाबु वा आमाको थर र ठेगाना रोजेर नागरिकता दिन सकिने नजिर कायम गरेको थियो । तर त्यो व्यवहारमा सहज रूपमा लागु भएको थिएन ।

## नवनियुक्त...

१२ सम्म पढेपछि उनी १२ वर्ष शिक्षण पेशामा लागे । ३३ वर्षको उमेरमा महावीर अमेरिकाको नेब्रास्का विश्वविद्यालयमा छात्रवृत्तिमार्फत पढ्न गए । सन् १९८९ मा पुनले नेब्रास्का विश्वविद्यालयबाट विज्ञान शिक्षामा स्नातकोत्तर हासिल गरे । पढाइ सकेर उतै बस्नेहरूको लहरलाई उछिनेर उनी भने २४ वर्षपछि आफ्नो गाउँ नाङ्गी फर्किए । हिमाञ्चल उमाविको स्थापनाबाट उनले गाउँमा अभियान अघि बढाए ।

नेपाल फर्किएर उनी सामाजिक काममा सक्रिय भए । गाउँमा वातावरणीय काम, चिज उत्पादन कार्यक्रममार्फत म्याग्दीको पौद्वरका बासिन्दालाई आत्मनिर्भर बनाउने अभियान, शैक्षिक सुधार, कागज निर्माण, मौरीपालन, च्याउ खेती, लुगा बनाउने कामसँगै कम्प्युटर किनेर कम्प्युटर बनाउने तालिम जस्ता थुप्रै सफल प्रयास गरे । महावीरले वायरलेस टेक्नोलोजीमार्फत गाउँगाउँमा इन्टरनेट पुर्‍याउने कामले प्रसिद्धी पनि पाए । यहीकारण उनको ख्याति राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरसम्म फैलियो ।

सन २००१ मा बीबीसीले उनको गाउँगाउँमा इन्टरनेटको पहुँच पुर्‍याउने योजनालाई साकार गरिदिएको थियो । त्यसपछि युरोप र अमेरिकाका विभिन्न दाताहरूले पुनलाई आर्थिक सहयोग गरे । फलस्वरूप नाङ्गी र राम्चे आसपासका गाउँहरूमा ताररहित इन्टरनेट सपनाले सार्थकता पायो । सोही योगदानका लागि उनलाई एसियाको नोबेल पुरस्कार मानिने 'रोमन म्यागसेसे पुरस्कार' दिइएको थियो । त्यस्तै उनी 'इन्टरनेट हल अफ फेम', समग्र सामाजिक नवीनता पुरस्कार', जोनाथन बी पोस्टल अवार्डजस्ता विभिन्न सम्मानद्वारा पुरस्कृत भइसकेका छन् ।

पुनले सन् २०१२ राष्ट्रिय आविष्कार केन्द्रको स्थापना गरे । सूचना प्रविधि तथा इनोभेसनमार्फत देशमा योगदान गर्ने अभिप्रायका साथ उनले केन्द्रको स्थापना गरेका थिए । जहाँबाट उनले नयाँ पुस्ताहरू जन्माए, विभिन्न औजार, उपकरण बनाए, विभिन्न योजना बुने । देश कोभिड महामारीबाट गुज्रिरहेको बेलामा उनले स्वास्थ्य क्षेत्रमा ठूलो सहयोग गरे ।भेन्टिलेटरको अभाव खेपिरहेको समयमा अस्पतालमा बिग्रेका भेन्टिलेटरहरू निर्माणमा सघाउ पुर्‍याए ।

तर सरकारले कहिल्यै विज्ञान प्रविधिको क्षेत्रमा सहयोग नगरेको गुनासो उनमा भइरह्यो । पछिल्लो समय उनी आफ्नो पुस्तक 'महावीर पुन सम्झना, सपना र अविरल यात्रा'को बिक्रीका लागि देश दौडाहा गरिरहेका थिए । पुस्तक बेचेर कमाएको पैसाले वीरगन्जमा ०५९सालदेखि बन्द अवस्थामा रहेको कृषि औजार कारखाना ब्युँताउनु थियो उनलाई । अहिले त्यो सञ्चालनमा पनि आइसक्यो । बाँकी मेसिन मर्मत र खरिदका लागि सरकारको ढोका ढकढकाए पनि उनले सहयोग पाएका थिएनन् । उनले सहयोग जुटाउन अवार्ड र मेडल पनि बिक्री गरे । उनको आत्मकथा भने पुनको अभियानलाई सघाउने हेतुले हजारौँ मानिसहरूले किनिदिए ।

पुनले हरेक वर्षको बजेटमा कम्तीमा १ प्रतिशत आविष्कार र अनुसन्धानको क्षेत्रका लागि विनियोजन गरिनुपर्ने मागसहित आन्दोलनसमेत गरेका थिए । उनको मागअनुरुप तत्कालीन सरकारले सहमतिसमेत गरेको थियो ।

पुस्तक बिक्री अभियानकै बेला देशमा जेन-जी आन्दोलन भयो । त्यसपछि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । त्यही सरकारमा उनी मन्त्री नियुक्ति भएका छन् । उनले पढेको, लामो समयदेखि अभ्यास गरेको क्षेत्रकै नेतृत्व पाउँदा के परिवर्तन आउला ? त्यो भने उनका निम्ति परीक्षाकै विषय रहेको छ ।

**तिखो प्रश्न गर्ने जगदीशलाई सञ्चार मन्त्रालयकै जिम्मा**

इमेज च्यानलको टक सो 'हट सिट' मा आएका नेतादेखि नेतृत्वमा बसेका अनेकलाई पत्रकार जगदीश खरेल खरा प्रश्नहरू सोधिरहन्थे । उनको यही शैली दर्शकहरूमाझ रुचाइएको पनि थियो । हिजो खरा प्रश्न गर्ने यिनै जगदीश अब आफैं भने जवाफ दिने ठाउँमा आइपुगेका छन् ।

प्रधानमन्त्री कार्कीको सिफारिसमा उनले सञ्चार तथा सूचना प्रविधि मन्त्रीको पदभार ग्रहण गरेसँगै उनको नेतृत्व कस्तो रहला भन्ने जिज्ञासा सबैमाझ छ ।

पछिल्लो समय इमेज च्यानलको समाचार सम्पादकको जिम्मेवारीमा रहेका उनी साढे २ दशकअघि इमेज रेडियोबाट पत्रकारिताको बाटोमा आइपुगेका थिए । रेडियोदेखि टिभीसम्मको यात्रामा जगदीशले कमाएको विश्वासलाई सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा बसेर उनले कसरी पुरा गर्लान् भन्ने खुल्दुली सबैमा छ ।

दोलखाको सुनखानी गाउँमा २०३९ सालमा जन्मिएका जगदीश सामाजिक काममा सक्रिय बाको गतिविधिबाट प्रभावित थिए । बासँग विभिन्न बैठकहरूमा हिड्ने उनी ८/९ वर्षको उमेरमा पनि महत्वपूर्ण प्रश्न र जिज्ञासा बा सहभागी बैठकहरूमा राख्थे । गाउँमा होस् वा कालीनाग माध्यमिक विध्यालयमा सबैतिर उनी प्रखर वक्ताका रुपमा परचित थिए ।

स्कुलमा हुने हरेक वक्तृत्वकला प्रतियोगितामा भाग लिन्थे र मेडल जित्थे । कक्षा ६ मा पढ्दा जितेको वक्तृत्व प्रतियोगितापछि उनी जिल्ला स्तरीय कार्यक्रममा पनि भाग लिन थाले । त्यहाँबाट पनि मेडल झुन्ड्याएर आए । त्यतिबेलै जगदीशलाई लाग्थ्यो, ' म त बोलेरै खान सक्छु ।' जहाँ जहाँ प्रतियोगितामा उनी भाग लिन्थे, सबैले प्रशंसा गर्दै भन्थे-तिमी कि राजनीति गर । कि मिडियामा काम गर ।'

एसएलसी उत्तीर्ण भएर काठमाडौं पुगेपछि भाइको प्रतिभा बुझेर दाइ दीपेश खरेलले सुझाए, 'तिमीले पत्रकारिता नै पढ्नुपर्छ ।' त्यसपछि जगदीशले मिडियामा भविष्य देख्न थाले । त्यसमाथि उनी खुब रेडियो सुन्न रुचाउने । काम गर्दा होस् वा पढ्दा, रेडियो नबजाई उनलाई जाँगर चल्दैन थियो । एक वर्षअघि 'अन इयर विथ सञ्जय सिलवाल गुप्ता' पोडकास्ट कार्यक्रममा सञ्जय सिलवाल गुप्ताले जगदीशलाई सोधेका थिए, 'यदि तपाईंले राजनीति गरेको भए ?' उनको जवाफ थियो, 'दुईटा सम्भावना थियो । म सहिद बन्न पनि सक्थेँ, माओवादीतिर गएको भए ।'

सशस्त्र युद्धको समय उनले नजिकबाट नियालेका जगदीशका केही साथीहरू त माओवादी लडाकु पनि भए । तिनीहरु अहिले राजनीतिमा पनि सक्रिय छन् । तर जगदीशले राजनीतिक बाटो समातेनन् । पत्रकारिताको लय पकडे । उतिबेला उनका सामु भएका दुई बाटोमध्ये अब भने उनको राजनीति बाटोको यात्रा सुरु भएको छ ।

पछिल्लो समय उनी राजनीतिक नेतृत्व र सत्तामाथि सधैं खरो प्रश्न उठाइरहन्थे । निडर सञ्चारकर्मीको छवि बनाएका जगदीशले यतिबेला सञ्चार मन्त्रालयकै जिम्मेवारी पाएका छन् । हिजो आफूले खरो प्रश्न गरेजस्तै आफ्नो जिम्मेवारीमा पनि उस्तै खरो तरिकाले उत्रेलान् त ? त्यसको जवाफ भने उनको अबको कार्यकालले दिनेछ ।

**निष्ठामा नडगमगाएका न्यायाधीश सिन्हाको सिंहदरबार यात्रा**

सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमारले सिन्हा भूमि,सहकारी,उद्योग र कानुनमन्त्रीको शपथ लिएका छन् । कुनै समयका चर्चित 'कर्पोरेट लयर' हुँदै सर्वोच्चका स्थायी न्यायाधीश भएर अवकाश पाएका सिन्हालाई तीन मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो सहयात्रीमा दोस्रो न्यायाधीश अनि तेस्रो कानुन व्यवसायी छानेकी हुन् । कानुन व्यवसायी हुँदै सर्वोच्चको न्यायाधीश हुँदा निष्ठामा अविचलित रहेका सिन्हाको परीक्षा अब भने मन्त्रीका रूपमा हुने छ ।

१७ साउन २०७३ मा सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त भएका सिन्हा करिब ७ वर्ष सर्वोच्च अदालतमा रहँदा मूलतः संवैधानिक विवाद, फौजदारी र वाणिज्यसम्बन्धी मुद्दा निरुपणमा सक्रिय भए ।

उनी संलग्न इजलासले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख लोकमानसिंह कार्कीको योग्यतासम्बन्धी विवाद, प्रतिनिधिसभाको पहिलो विघटन, कर फर्स्यौट आयोगको बन्दीप्रत्यक्षीकरणसम्बन्धी विवाद निरुपण गरेको थियो । यसबाहेक उनका धेरै व्याख्या नजिरका रूपमा छन् । उनी न्याय निरुपणबाहेक सर्वोच्च अदालतलाई सूचना प्रविधिमैत्री बनाउन सक्रिय थिए ।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश सिन्हा वरिष्ठ अधिवक्ता सुशीलकुमार सिन्हाका छोरा हुन् । नेपालका प्रथम वरिष्ठ अधिवक्ता देवनाथप्रसाद बर्मा सिन्हाका मावली हजुर बुबा हुन् ।

अनिलका हजुरबुबाले कानुन व्यवसायी ऐन मस्यौदा गरेका थिए । त्यसपछि उनलाई सर्वोच्च अदालतको फूल कोर्टले सोझै वरिष्ठ अधिवक्ताको लाइसेन्स दिएको थियो । सिन्हाको घरमा कानुनको मात्रै कुरा हुन्थे । त्यसैले उनी पनि अब्बल कानुन व्यवसायीको छवि बनाउँदै न्यायाधीश भएका थिए ।अनिलले करका मुद्दा, करार तथा सम्झौताबारे धेरै कुरा बुवाबाटै सिक्ने अवसर पाए र त्यसैमा रमाए । विद्यालयलयस्तरमा उनलाई कानुनको रहर थिएन । उनी सिभिल इन्जिनियर बन्न चाहन्थे । त्यसका लागि साइन्स पढ्न चाहन्थे । उनी अमृत साइन्स क्याम्पस भर्ना पनि भए । पञ्चायतकालको सरकारी कलेज, त्यसमाथि चर्को राजनीति, त्यसबाट उनी टाढा रहने कुरै भएन । एक दिन अचानक परीक्षा दिँदै गर्दा केही प्रहरी आएर उनलाई कलेजमै पक्राउ गर्‍यो । अनिलकुमार सिंह नामको व्यक्तिको ठाउँमा भूलवश पक्राउमा परेका उनलाई त्यो घटनाले त्रसित बनायो । परिक्षामात्रै छुटेन, उनले कलेज नै छोडे । यही बिन्दुबाट सिभिल इन्जिनियर बन्ने सपना छोडी उनी कानुनका विद्यार्थी बने । उनले साइन्स पढ्ने साथीहरू अगाडि बढ्दा आफू पछाडि पर्छु कि भन्ने सोचे अनि कानुनमा भर्ना भएर मेहनत गर्न थाले ।

नेपाल ल क्याम्पसबाट २०३९ सालमा स्नातक उत्तीर्ण गरे । त्यसपछि २०७३ सम्म निरन्तर वकालत गरे । त्यसपछि सर्वोच्च अदालतका न्यायाधीशको हैसियतमा ७ वर्ष ३ महिना बिताए । उनले कानुन व्यवसायमा बुवाकै पथ पछ्याउँदै कर्पोरेट र कर कानुनलाई समाए । अलि नाम चल्न थालेपछि उनले न्युरोडमा सिन्हा बर्मा ल फर्म खोले । उनले यो अवधिमा १० हजारभन्दा बढी मुद्दा लडे । करसम्बन्धी धेरै मुद्दा जितेका उनले कहिलेकाहीँ नमिठो हार पनि झेल्नुपर्‍यो । सुरु-सुरुमा उनी मुद्दा हार्दा निकै डराउँथे । एउटा मुद्दा हारे भने १५ दिन गायब भइदिन्थे । बहसमा जाँदैनथे । त्यस्तो बेला उनका बुवाले गाली गर्दै सम्झाउँथे, 'बहस सकाएपछि त्यहाँ उभिएर मुद्दा के भयो भनेर सुन्ने कोसिस नै नगर्नू । हारजितलाई कहिल्यै व्यक्तिगत रूपमा नलिनू । मैले पनि सय वटा हारेर एउटा जितेको हुँला । दुईचार मुद्दा हार्दैमा निराश नहुनू ।'

सिन्हाले सर्वोच्चबाट १४ कात्तिक २०८०मा अवकाश पाए । केही समयअघि मात्र उनले हवाई सुरक्षासम्बन्धी अध्ययन कार्यदलमा बसेर काम पनि गरे । अहिले उनले आफ्नो ल फर्म छोरी अञ्जलिका सिन्हालाई जिम्मा लगाएका छन् । लामो समय कानुनी अनुभव सँगालेका अनिल पुरानो र नयाँ समयका कार्यशैलीबारे विश्लेषण गर्नसक्ने कानुनविद् हुन् ।

**जलवायु तथा कृषि विज्ञ परियार बने कृषिमन्त्री**

सप्तरीको राजविराजमा जन्मिएका मदनप्रसाद परियार वरिष्ठ जलवायु तथा कृषि विज्ञ हुन्। हाल काठमाडौँको चन्द्रागिरी नगरपालिकाका बासिन्दा परियारले दर्जनौँ राष्ट्रिय तथा अन्तर ष्ट्रिय संघसंस्थाहरूमा रहेर काम गरिसकेका छन्।

दलित समुदायको अधिकार र सामाजिक न्यायको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका परियार हाल समता फाउन्डेसनका अध्यक्ष हुन्। सन् २००९ मा स्थापना भएको फाउन्डेसनले दलित तथा अन्य अल्पसंख्यक समुदायको अधिकार र समावेशिताका लागि अध्ययन, अनुसन्धान, नीति निर्माण, मानवअधिकार र नेतृत्व विकासका क्षेत्रमा काम गर्दै आएको छ।

परियार ०६८ सालमा राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको संयोजक समेत भएका थिए। तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको सरकारले परियारलाई आठ सदस्यीय सुझाव आयोगको संयोजक नियुक्त गरेको थियो।

विभिन्न क्षेत्र र समुदायका विज्ञहरू सम्मलित आयोगले राज्य पुनर्संरचनाका लागि सुझावसहितको प्रतिवेदन दिएको थियो। त्यस्तै, परियारले उदयपुर सिमेन्ट र कृषि औजार काराखाना वीरगन्जको महाप्रबन्धकका रूपमा पनि काम गरेका थिए।

भारतको इलाहाबाद कृषि संस्थानबाट कृषि इन्जिनियरिङमा स्नातक गरेका उनले थाइल्याण्डको बैंककस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीबाट इन्जिनियरिङमा स्नात्तकोत्तर र विद्यावारिधि गरेका हुन्। उनले जलवायु अनुकूलन, गरिबी निवारण, आर्थिक वृद्धि, समावेशीकरण, सुशासन, सूचना प्रविधि, ग्रामीण तथा कृषि विकास, औद्योगिक विकास र स्रोत व्यवस्थापन जस्ता विषयहरूमा गहिरो अध्ययन अनुसन्धान गरेका छन्।

परियारले सरकारी र गैरसरकारी संस्थाहरू, निजी उद्योग र शिक्षा क्षेत्रमा समेत लामो समयसम्म योगदान दिएका छन्। उनले लामो समयसम्म ग्रामीण विकास, कृषि र गरिबी निवारणको क्षेत्रमा आईडीई नामक संस्थासँग आवद्ध भएर काम गरे । यही क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आईडीई नेपालमा काम गरेका उनी पछि संस्थाको वरिष्ठ सल्लाहकारसमेत भए।

त्यस्तै, उनले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघको फ्रेमवर्क कन्भेन्सनमा नेपाल प्रतिनिधिको रूपमा समेत योगदान गरे। कृषि, जलवायु, गरिबी निवारण र आर्थिक वृद्धि लगायत क्षेत्रमा नै उनले नेपालसहित ३० भन्दा देशहरूसम्म पुगेर अध्ययन अनुसन्धान र भ्रमण गरेका छन्।

# दसैँ यात्रामा सँधै सास्ती



झापा(प्रस) । सोमबारदेखि दसैँ सुरु भएको छ । यससँगै काठमाडौँ उपत्यकाबाट बाहिरी जिल्लामा र अन्य मुख्य सहरबाट गाउँमा जानेहरूको चहलपहल पनि बढ्न थालेको छ ।

उपत्यकाबाट बाहिरिनेहरूको संख्या हरेक वर्ष करिब उस्तै हुन्छ, त्यस्तै हुन्छ यात्राको कष्ट पनि । देशभरका धेरै सडकको अवस्था बेहाल छ । दसैँकै मुखमा हवाई भाडा पनि सामान्य अवस्थाको भन्दा 'डबल' हुन्छ । यसरी यात्रुहरू दोहोरो मारमा पर्नु हरेक दसैँको नियति नै हो ।

अरनिको राजमार्ग र मुग्लिङ-नारायणगढ सडकखण्डमा हालै पहिरोले अवरोध गर्‍यो ।पृथ्वी राजमार्ग, बीपी राजमार्ग, अरनिको राजमार्ग, मुग्लिङ-नारायणगढ सडकखण्ड लगायतका मुख्य लाइफलाइनहरू सामान्य वर्षा हुनेबित्तिकै अवरुद्ध हुने गरेका छन् । पहिरो, सडक भासिने र बाढीको समस्याले सडक यातायातको भरपर्दो विकल्प बन्न सकेको छैन ।

दसैँमा काठमाडौँ उपत्यका छाड्नेहरूको संख्या उच्च हुने र त्यही बेला सडकमार्गको ठेगान नहुने जोखिमले हवाई भाडादर अहिले आकासिएको छ । अन्य समयको भन्दा झण्डै दोब्बरसम्म भाडा बढेको छ ।

यसरी अत्यावश्यक सडक लामो समय अवरुद्ध हुँदा हजारौँ यात्रुको समय र पैसाको बर्बादी भएको छ। यातायात व्यवस्था विभागले समेत एक सूचना सार्वजनिक गर्दै मनसुन सक्रिय रहेकाले र वर्षाका कारण सडक अवरुद्ध भइरहेकाले सडकको अवस्था बुझेर मात्र यात्रा गर्न अनुरोध गरेको छ । नेपालीहरूको महान् चाड दसैँ, तिहार र छठ नजिकिँदै गर्दा अधिकांश यात्रुहरूले आ-आफ्नो थातथलो जान इच्छुक रहेको अवस्थामा यस्तो सल्लाह आउनुले सडकको अविश्वसनीयतालाई थप पुष्टि गरेको छ । विभागले यात्रा गर्नुपूर्व आवश्यक सतर्कता अपनाउन यात्रुहरूलाई आग्रह गरेको छ ।

सुपर काईनेटिक एक्सप्रेस करियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामीलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र करियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ